प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
# व्यवसायिक तथा सीप विकास तालिम केन्द्र
धनगढी, कैलाली

## प्रशिक्षकको सूची (Roster) मा नाम समावेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकासित मिति : २०७८।०४।२१**

यस तालिम केन्द्रमा आ.व. ०७८।७९ मा संचालन गरिने विभिन्न व्यवसायिक तथा सीपमूलक तालीम संचालन गराउन आवश्यक पर्ने प्रशिक्षकको सूची (Roster) निर्माण तथा अध्यावधिक गर्नु पर्ने भएकोले सम्बन्धित बिषयको प्रशिक्षकको सूचीमा समावेश हुन इच्छुक तोकिएको योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको दरखास्त फाराम भरी यस केन्द्रमा दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) तालीमको लागि सूची (Roster) निर्माण तथा अध्यावधिक हुने बिषयहरु :**

| सि.नं. | विषयहरु | सि.नं. | विषयहरु |
|---|---|---|---|
| १. | कटाई सिलाई | ९. | मेसन (डकर्मी) |
| २. | विद्युत जडान | १०. | मोटर वाइन्डिङ्ग |
| ३. | केश श्रृंगार | ११. | बारवर (कपाल काट्ने) |
| ४. | हाते कडाई (इम्ब्रोडरी) | १२. | तरकारी खेती |
| ५. | मोवाईल मर्मत | १३. | हाते होजियरी |
| ६. | प्लम्बिङ्ग | १४. | डल्स तथा कुशन बनाउने |
| ७. | आल्मोनियम फेव्रिकेटर | १५. | नेल आर्ट तथा मेहेन्दी |
| ८. | मोटरसाईकल मर्मत | | |

**(ख) योग्यता :**

| सि.नं. | शैक्षिक योग्यता वा तालीम वा अनुभव | सेवा शुल्क |
|---|---|---|
| १. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक वा कुनै बिषयमा स्नातक गरी स्वीकृत प्राप्त संस्थाबाट सम्वन्धित विषयमा १ बर्षको तालीम प्राप्त वा कुनै बिषयमा स्नातक गरी सम्वन्धित कामको २ बर्षको अनुभव भई सम्वन्धित सीपमा २ तहको सीप परीक्षण पास भएको | नेपाल सरकारको राजपत्रांकिन तृतीय श्रेणीको शुरु तलब स्केल |
| २. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रमाणपत्र वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्वन्धित विषयमा १ बर्षको तालीम प्राप्त वा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्वन्धित कामको १ बर्षको अनुभव भई सम्वन्धित सीपमा १ तहको सीप परीक्षण पास भएको | नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणीको शुरु तलब स्केल |
| ३. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा एस.एल.सी.वा एसइइसी गरी स्वीकृत प्राप्त संस्थाबाट सम्वन्धित विषयमा १ बर्षको तालीम प्राप्त वा सम्वन्धित कामको १ बर्षको अनुभव भई सम्वन्धित सीपमा १ तहको सीप परीक्षण पास भएको | नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणीको शुरु तलब स्केल |
| ४. | सम्वन्धित विषयमा कम्तीमा ६ महिनाको तालीम प्राप्त गरी परम्परागत सीप र प्रविधि भई न्यूनतम एक बर्ष अवधि सम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको अनुभव र सम्वन्धित सीपमा १ तहको सीप परीक्षण पास भएको | नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणीको शुरु तलब स्केल |

Scanned with CamScanner

द्रष्टव्य :

- दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित तालीमको प्रमाणपत्र, सीप परिक्षणको प्रमाणपत्र, व्यक्तिगत प्यान दर्ता नम्बर (PAN) र अनुभवलाई प्रमाणित गर्ने कागजातका प्रतिलिपीहरु संलग्न गरी ती प्रतिलिपीहरुमा व्यक्ति स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी तोकिएको म्याद भित्र पेश गर्नुपर्ने छ ।
- तोकिएको योग्यता पुगेको एक भन्दा बढी बिषय (trade) मा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ । त्यस्तोमा कार्यालयले आवश्यक परेको बिषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ ।
- सूची (Roster) निर्माण तथा अध्यावधिक गर्नका लागि केन्द्रमा पर्न आएका दरखास्त उपर छानवीन गरी तोकिएका योग्यता पुगेका दरखास्तवाला प्रशिक्षकहरुको सूची निर्माण तथा अध्यावधिक यस केन्द्रले गर्ने छ ।
- सूचनाको म्याद समाप्त भएको ७ दिन भित्र योग्य व्यक्तिको सूची यस केन्द्रको सूचना पाटीमा टाँस गरिने छ ।
- रित नपुगेको दरखास्त फाराम स्वीकार गरिने छैन ।
- सूचीमा नाम समावेश गर्ने/नगर्ने अन्तिम अधिकार व्यवसायिक तथा सीप विकास तालिम केन्द्र धनगढी कैलालीमा सुरक्षित रहनेछ ।
- सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट निजले पेश गरेको शैक्षिक योग्यता, तालीम, अनुभव, व्यक्तित्व आदि समेतको आधारमा केन्द्रले छनौट गरी आवश्यक परेको बखतमा मात्र प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा खटाउन सक्नेछ ।
- यो सूची आर्थिक वर्ष २०७८/०७९ को लागि मात्र कायम रहनेछ ।
- अन्य कुराहरु व्यवसायिक सीपमूलक तालीम संचालन कार्यविधि, २०७५ तथा प्रचलित कानून बमोजिम हुनेछ ।
- यस केन्द्रको वेब साईल www.vsdtckailali.gov.np मा पनि हेर्न सकिने छ ।

केन्द्र प्रमुख

Scanned with CamScanner